नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- १४

मितिः२०८२।०४।०८

ने.सं. ११४५

श्री गाउँपालिका (सबै)

श्री नगरपालिका (सबै)

श्री जिल्ला समन्वय समिति (सबै)

विषयः स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन प्रणाली (LISA), स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन प्रणाली (FRA) र स्थानीय आर्थिक विकास मूल्याङ्कन प्रणाली (LED) लाई एकीकरण तथा परिमार्जन गरी स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि,२०८२ स्वीकृत गरी यस मन्त्रालयको वेवसाईटमार्फत सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ । स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को वेवबेस प्रणाली निर्माणको चरणमा रहेको छ ।साविकमा अभ्यासमा रहेका तिनवटै प्रणालीबाट हुने गरेको मूल्याङ्कनको कार्य नयाँ निर्माण गरिएको व्यवस्था मार्फत नै हुने व्यवस्था गरिएकोले आर्थिक वर्ष २०८१/८२ को मूल्याङ्कनको कार्य समेत स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) कार्यन्वयनमा आएपश्चात नै गर्ने गराउने व्यवस्था हुन अनुरोध छ । सूचना तथा तथ्याङ्कहरु प्रविष्टि गर्न कार्यविधिले निर्धारण गरेको समयसीमा भित्र सम्भव हुन नसक्ने भएमा यस आ.व.को हकमा विशेष प्राविधिक व्यवस्था गरिने व्यहोरा निर्णयानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

<u>बोधार्थ</u>

श्री प्रदेश तथा स्थानीय विकास सहयोग कार्यक्रम, ववरमहल काठमाडौ ।

श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np